स्थानीय सरकार

मध्यपुरथिमि नगरपालिका

बागमती प्रदेश, नेपाल

# चौधौ नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

श्रद्धेय सभाध्यक्ष एवम् नगरप्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगर सभाका सदस्यज्यूहरू,

राष्ट्रसेवक कर्मचारी मित्रहरू,

पत्रकार मित्रहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

हार्दिक अभिवादन !

नेपालको संविधानले स्थानीय सरकारलाई व्यवस्थापिका, कार्यपालिका र न्यायिक कार्यसम्पादनको ऐतिहासिक अधिकार प्रदान गरेको छ। यही संवैधानिक प्रावधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मर्म अनुरूप हामी आज यस गरिमामय नगर सभामा भेला भएका छौं।

यस ऐतिहासिक एवम् गौरवमय अवसरमा, मुलुकमा लोकतन्त्र र नागरिक अधिकार स्थापनाका लागि भएका जनआन्दोलन, सशस्त्र सङ्घर्ष लगायत विभिन्न लोकतान्त्रिक एवं परिवर्तनका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै हाम्रो देशकै इज्जत, सम्मान, प्रतिष्ठा र पहिचानका रूपमा रहेका हाम्रा मूर्त एवं अमूर्त सम्पदाहरूको संरक्षण अभियानमा अहोरात्र समर्पित रहँदै "हाम्रो कला, हाम्रो संस्कृति: मध्यपुर थिमि हाम्रो सम्पत्ति" भन्ने मूल नारालाई जीवन्त राख्न सक्रिय सम्पूर्ण आदरणीय नगरवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। यहाँहरूको यो ऐतिहासिक योगदान इतिहासको पानामा सधैं स्वर्ण अक्षरले अङ्कित रहनेछ।

यसका साथै, नगरको समग्र विकास र समृद्धिका लागि नगरपालिकाले लिएको लक्ष्य पुरा गर्न साथ दिनुहुने तथा अहोरात्र खटिनु भएका सम्पूर्ण जनप्रतिनिधि, नगरवासिहरु, उपभोक्ता समितिमा रहेर आफ्नो श्रम र पसिना खर्चिनु भएका आम नगरवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, राष्ट्रसेवक कर्मचारीहरू एवं यस अभियानमा जोडिनु भएका सम्पूर्ण सम्बद्ध पक्षहरूमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछौं।

यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि विनियोजित बजेट प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु।

## चालू आर्थिक वर्ष २०८२/०८३ को बजेट समीक्षा

आदरणीय सभाध्यक्ष तथा नगरसभा सदस्यज्यूहरू,

प्रत्येक वर्ष हामीले नगरको सर्वाङ्गीण विकास, सेवा सुविधा विस्तार, सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी र सम्पदा संरक्षणलाई केन्द्रमा राखेर योजनाहरू अगाडि सारेका छौं। जसले दीर्घकाल सम्म नगर र नगरवासीहरूलाई फाइदा पुर्‍याउनेमा हामी विश्वस्त छौं। तर, केही योजनाहरूमा आवश्यक बजेट सुनिश्चित हुँदाहुँदै पनि विकासका कामहरू अगाडि बढ्न नसकेको र प्रदेश, केन्द्र तथा स्थानीय सरकारबाट विनियोजित बजेट कार्यान्वयन हुन नसकी बजेट फिर्ता भएको तितो अनुभूति हामीले गरेका छौं। जसको सम्पूर्ण दायित्व समेत नगरपालिकाले व्यहोर्नुपर्ने अवस्था आएको छ। यसले गर्दा हाम्रो नगरको विकास र समृद्धिको चाहनामा केही ढिलाइ हुन पुगेको छ। त्यसैले, समग्र नगरको विकासका लागि हामी जनप्रतिनिधि र नगरवासी एकजुट भएर हातेमालो गरी अगाडि बढ्नुको विकल्प छैन।

अब म चालू आर्थिक वर्षको विनियोजित बजेटबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरूको कार्यान्वयन तथा हालसम्मको खर्चको अवस्था प्रस्तुत गर्ने अनुमति चाहन्छु।

### १. सुशासन तथा अन्तर-सम्बन्धित क्षेत्र

वातावरण तथा जलवायु, विपद् व्यवस्थापन, मानव संसाधन विकास, शान्ति तथा सुव्यवस्था, कानुन तथा न्याय, शासन प्रणाली, तथ्याङ्क प्रणाली, गरिबी निवारण, श्रम तथा रोजगारी, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, प्रशासकीय सुशासन, वित्तीय सुशासन, सेवा प्रवाहका लागि विनियोजित रकम: रु. ४ करोड २८ लाख १० हजार र हालसम्म भएको खर्च: रु. ८४ लाख ८९ हजार ४३१

### २. सामाजिक विकास क्षेत्र

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भाषा तथा संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, सामाजिक सुरक्षा, संरक्षण लगायतका लागि विनियोजित रकम: रु. ६० करोड १९ लाख १८ हजार र हालसम्म भएको खर्च: रु. ३२ करोड ५६ लाख ९४ हजार ९३१.३७

### ३. आर्थिक विकास क्षेत्र (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, जलस्रोत तथा सिँचाइ, वन, पशुपन्छी, भूमि व्यवस्था, आपूर्ति)

आर्थिक विकासका लागि विनियोजित रकम: रु. १६ करोड ३ लाख ३३ हजार २०० र हालसम्म भएको खर्च: रु. ७ करोड ९४ लाख ७८ हजार ८४०

### ४. पूर्वाधार विकास क्षेत्र

यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, ऊर्जा, सञ्चार तथा सूचना प्रविधि, सम्पदा पूर्वाधार, विज्ञान तथा प्रविधि, पुनर्निर्माण, पूर्वाधार विकासका लागि विनियोजित रकम: रु. रु. ८२ करोड २२ लाख ४८ हजार २०० र हालसम्म भएको खर्च: २५ करोड ९१ लाख ७० हजार ५७१.०४

## ५. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र

प्रशासनिक शीर्षकमा विनियोजित रकम: रु. २३ करोड ५५ लाख ७४ हजार १००

हालसम्म भएको खर्च: रु. १५ करोड ७२ लाख ४१ हजार ०७४.५२

## ६. पुँजीगत तथा चालू खर्चको अवस्था

चालू आ.व. २०८२/०८३ मा पुँजीगत खर्च (हालसम्म): ३३.९७ %

चालू आ.व. २०८२/०८३ मा चालू खर्च: ६२.४ %

चालू आ.व. को हालसम्मको कुल खर्च: ४५.५५% मात्र।

## ७. आन्तरिक आम्दानी तथा राजस्व सङ्कलनको अवस्था

नेपालको संविधान, २०७२ को धारा २२८ ले स्थानीय सरकारलाई आफ्नो क्षेत्राधिकार भित्र कर लगाउने अधिकार दिएको छ। त्यस्तै अनुसूची ८ मा एकल अधिकार क्षेत्र र अनुसूची ९ मा तीनै तहको साझा अधिकार क्षेत्रको व्यवस्था गरिएको छ, जसमा स्थानीय सरकारलाई राजस्व सङ्कलन गर्ने स्पष्ट क्षेत्रहरू तोकिएको छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको परिधिभित्र रही मध्यपुर थिमि नगरपालिकाले कर निर्धारण तथा राजस्व सङ्कलनको काम अगाडि बढाएको छ। राजस्व सङ्कलन गर्दा जनताको कर तिर्न सक्ने क्षमतालाई मध्यनजर गरी करको दर निर्धारण गरिएको छ भने करको दायरा विस्तारलाई प्रमुख प्राथमिकतामा राखिएको छ।

शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी लगायतका धेरै क्षेत्रहरूमा जनताको माग र नगरको आवश्यकता उच्च छ, तर हामीसँग स्रोत सीमित छ। सीमित स्रोतको समुचित तथा अधिकतम प्रयोगबाट आवश्यकताहरू सम्बोधन गर्ने प्रयासमा हामी निरन्तर लागिरहेका छौं। त्यसैले नगरपालिकाले आन्तरिक आय वृद्धि गर्ने नीति अनुरूप 'व्यवसाय दर्ता अभियान',कर जरिवाना छुट अभियान' लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरू अगाडि बढाइरहेको छ, जुन सफलता उन्मुख देखिएको पछिल्ला तथ्याङ्क र हालको अवस्थाले पुष्टि गरेको छ।

यस वर्ष करयोग्य आयका साथै शुल्क, दस्तुर लगायत गैर-कर राजस्वमा समेत बढोत्तरी भएको छ। नगरपालिकाले विगत लामो समयदेखि रोक्का राखेका क्षेत्रहरूमा नक्सा पास खोल्नु र नक्सा पास अभिलेखीकरण (नियमितीकरण) गर्नुले यस वर्षको राजस्वमा ठूलो योगदान पुर्‍याएको छ। करयोग्य आयको समानान्तर वृद्धिका साथै गैर-कर

राजस्वको वृद्धिले नगरपालिकाको वित्तीय अवस्था सुदृढ भएको छ। त्यस्तै लामो समयदेखिको बक्यौता असुलीले पनि राजस्वमा ठूलो सहयोग पुर्‍याएको छ। यसै क्रममा पशुपति स्पिनिङमिल्सको कर असुली भएको छ भने हुकुम फर्मास्युटिकल्स, इस्टर्नमोटर्स, बतास एसोसिएट्स लगायतका कम्पनीहरूको वक्यौता कर असुली अझै बाँकी रहेको छ। त्यसलाई असुलिका लागी राजस्व शाखा सक्रियता पुर्वक लागिरहेको छ।

आ.व. २०८२/०८३ को हालसम्मको सङ्कलित आन्तरिक राजस्व:

| ) को आन्तरिक आय ०८३/२०८२ असार ८ सम्मको( -संक्षेपमा | | | |
|---|---|---|---|
| सि.नं. | आय शिर्षक नाम | आ) को यथार्थ आय ०८३/२०८२ .ब.असार ८ सम्म( | कैफियत |
| १. | सम्पत्ति कर | ९,९६,०२,४४७.१९ | |
| २. | भुमिकरमालपोत/ | १३,१६,४३५.९० | |
| ३. | घरवहाल कर | १०,०५,९७,२१५.५८ | |
| ४. | व्यवसाय कर | २,३८,०५,७७७.३१ | |
| ५. | अन्य सेवा शुल्क तथा बिक्रि | ६,६७,७७,४४४.२८ | |
| ६. | नक्सापास दस्तुर | ९,६०,२३,३८९.७१ | |
| ७. | प्रशासनिक दण्द, जरिवाना र जफत | २,०९,१९,९८०.०० | |
| ८. | विज्ञापन कर | १,१३,८४,५५२.०० | |
| ९. | मनोरञ्जन कर | ४,६९७,८५७.०० | |
| १०. | विविध शुल्कहरू | ३,९७,६३१.०० | |
| ११. | विविध सिफारिस दस्तुरहरू | १,३३,५७,६२४.८५ | |
| १२. | अन्य विविध दस्तुरहरू | ५०,६६,५००.०० | |
| जम्मा : | | ४४,३९,४६,८५४.८२ | |

हालसम्म सङ्कलित कुल आन्तरिक राजस्वः रू. 44,39,46,854.82 पुगेको छ । असार मसान्तसम्ममा रू. ४५ करोड भन्दा बढि राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

आन्तरिक आयको पूर्ण विवरण राजस्व परामर्श समितिले आर्थिक वर्ष २०७९/०८० देखि आर्थिक वर्ष २०८२/०८३ को अवस्था र २०८३/०८४ को मार्गदर्शन सहित प्रस्तुत गरेको राजस्व स्थिति पत्रमा विस्तृत रूपमा उल्लेख गरिएको छ।

## ८. चालू आर्थिक वर्षका मुख्य योजना तथा कार्यक्रमहरूको संक्षिप्त उपलब्धि

चालू आर्थिक वर्षमा विनियोजित बजेटबाट सञ्चालनमा रहेका योजनाहरू र ४ वर्षको अवधिमा हामीले विनियोजन गरेका योजनाहरु मध्य मुख्य केही गौरवका आयोजना र कार्यक्रमहरूको प्रगति विवरण निम्नानुसार रहेको छ:

१) जन-आदर्श क्याम्पस भवन: रु. ७,७७,६४,५७९.३६ मा टेण्डर सम्झौता भई हाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

२) वडा नं. २ को प्रशासकीय भवन निर्माण: रु. ७,७१,०७,२७२.३८ मा सम्झौता भई निर्माण कार्य अन्तिम अन्तिम चरणमा पुगेको छ।

३) भाँगु तथा वनदेवी पहिरो नियन्त्रण: करिब रु. २० करोडको लागतमा सञ्चालित यो क्रमागत योजना हाल अन्तिम चरणमा पुगेको छ।

४) नगदेश लायकु निर्माणः यो योजना हाल निर्माणको चरणमा प्रवेश गरेको छ।

५) दथुवहाः र दिगुवहाः निर्माण: यी सम्पदाहरूको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

६) लोकेश्वर करुणामय: यसको निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भएको छ।

७) मध्यपुर उज्यालो अभियान: कुल ३ करोड ५० लाखको लागतमा नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा सुरु गरिएको आधुनिक सडक बत्ती जडान कार्य सफलतापूर्वक सम्पन्न भएको छ। साथै बाकी अन्य क्षेत्रमा सडक बती जडानको कार्य थप श्रोतवाट भै रहेको छ

८) सुँगा (विष्णुवीर) परिसर: यस परिसरको सत:निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

९) विष्णुकुण्डल परिसर बाल उद्ध्यान अन्तिम चरणमा पुगेको ।

१०) मध्यपुर थिमि नगरपालिकाको प्रशासकीय भवन: रु. ३३,२१,०८,०८३ मा सम्झौता सम्पन्न भई हाल फिल्डमा पाइलिङ (Piling) को कार्य भइरहेको छ।

११) निलबाराही चक्रपथ निर्माण तथा पहिरो नियन्त्रण: रु. ७,४६,३४,४६० को टेण्डर सम्झौता सम्पन्न भएको छ भने अर्को शीर्षक अन्तर्गत रु. २,८२,९२,१६८ मा टेण्डर सम्झौता भई निर्माण कार्य तीव्र गतिमा भइरहेको छ।

१२) बोदे स्थित महालक्ष्मी मन्दिर परिषर ब्यवस्थापन अन्तर्गत कलात्मक शैलीमा सत:निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।

१३) जनक सिद्धिकाली मा.वि. भवन: भवन निर्माणका लागि रु. ५,२७,७८,४३७ मा टेण्डर सम्झौता भए तापनि प्राविधिक कारणवश कार्य अगाडि बढ्न नसकेकोमा यसलाई चाँडै अगाडि बढाइनेछ।

१४) समाजिक समावेशिकरण तर्फ महिला, वालवालिका, जेष्ठनागरिक, अपांगता, शिक्षा, स्वास्थ्यको क्षेत्रमा धेरै नविनतम कार्यको शुरुवाट समेत हामिले गरेका छौं । जस्तै: जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य विमा, जेष्ठ नागरिक आरोग्य कार्यक्रम, जेष्ठ नागरिकका लागि निमोनिया खोपको ब्यवस्थापन, जेष्ठ नागरिक दिवासेवा केन्द्र संचालन, जेष्ठ नागरिक भ्रमण कार्यक्रमहरु संचालनमा रहेको छ।

१५) अपांगता भएका ब्यक्तिहरु र तिनिहरुका परिवारका सदश्यहरुलाई ब्यवसायिक तालिम प्रदान गर्ने बीउ पुजि उपलब्ध गराउने, वजारिकरण गर्ने गरेको छ। त्यस्तै अपांगता भएका विधार्थिहरुलाई हेरचाह र अध्यापन गराउने तीन विधालयलाई आर्थिक अनुदानको ब्यवस्था गरेको छ। साथै अपांगता भएका विधार्थीहरुको खेलकुद प्रतियोगिता, रिफ्रेसमेन्ट, सांकेतिक भाषाको तालिम लगायतका कार्यक्रमहरु समेट संचालनमा ल्याईएको छ।

१६) छातीरोग परिक्षण शेवा ,शहरी स्वास्थ्य केन्द्रको स्टरोन्नती, महिलाहरुको समश्याहरुको रुपमा देखिएको प्रजनन अंगको परिक्षण शेवा, ब्लडवैक स्थापना, निशुल्क रक्तसुविधा, नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल सुदृढिकरण अन्तर्गत पुर्वाधार ब्यवस्थापन, स्पेसलओटि, आईसियु निर्माण, कोरिया सरकारको सहयोगमा अत्याधुनिक भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

१७) शिक्षा क्षेत्रमा मध्यपुर थिमि नगरपालिकाले सामुदायिक विधालयमा आवश्यक जनशक्तिका लागि दरवन्दी ब्यवस्थापन, दिवाखाजा कार्यक्रम संचालन, महेन्द्र आधारभुत विधालय, जन-आदर्श क्याम्पस लगायत विधालयको पुर्वाधार निर्माण, विधालय विमा कार्यक्रम, वृत्तिमार्ग निर्देशन कार्यक्रम लगायत धेरै कार्यक्रमहरु आयोजना गरिएका छन् ।

१८) केन्द्रिकृत भान्छा घर संचालन गरि सामुदायिक विद्यालयमा अध्ययनरत २४०० जना बिद्यार्थीहरुलाई पौष्टिक एवम् स्वस्थकर दिवा खाजा वितरण गरिएको ।

१९) समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन गरी कृषि विकास सहकारीका ऋणीहरुबाट 50,42,889/- अक्षरेपी पचास लाख बयालिस हजार आठ सय उनान्नबे रुपैया असुलउपर गरी 512 जनालाई रु १०,००० का दरले बचत फिर्ता गरिएको जस मध्ये ११६ जनाको पूर्ण रुपमा बचत रकम फिर्ता गरि लगत कट्टाका साथ जम्मा रु. ४३,३८,५२४ अक्षरेपी रु त्रीचालिस लाख अठतिस हजार पाँच सय चौबिस बचत फिर्ता गरिएको साथै उक्त सहकारीको देश भर सयौ रोपनी जगा रोक्का राखिएको छ ।

२०) जेष्ठ नागरिक निमोनिया खोप कार्यक्रम अन्तर्गत रू. ७० लाख विनियोजन गरी कुल ७६० जनालाई निःशुल्क निमोनिया खोप प्रदान गरिएको ।

२१) नेपाल कोरिया मैत्री अस्पतालमा Special OT को लागि २ करोड २७ लाख ५२ हजार लागतमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको र १ करोड ३७ लाखको लागतमा ICU निर्माण सम्पन्न भएको छ ।

२२) पुर्वाधार निर्माणमा हाम्रो कार्यकाल उत्साहजनक रह्यो प्रत्येक वडामा सडक, ढल, मठमन्दिर, फल्चा, धारा, पार्क निर्माणमा उभार नै आएको देखियो, जसले मध्यपुरको मुहार फेरेको छ। आर्थिकवर्ष २०७९/०८० देखि हालसम्म कुल १ अर्ब ६४ करोड ३५ लाख ८६ हजार पुर्वाधारमा मात्रै लगानी भएको छ।

२३) शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका सामाजिक विकास तर्फ कुल १ अर्ब ६६ करोड ६६ लाख ६ सय १५ रुपैया खर्च भएको छ ।

## ९. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट मार्गदर्शन, लक्ष्य तथा प्राथमिकता

नगर सभाका सदस्यज्यूहरू,

आगामी आर्थिक वर्षको बजेट विवरण प्रस्तुत गर्ने सन्दर्भमा अवलम्बन गरिएका मूलभूत मार्गदर्शन, बजेटको लक्ष्य, उद्देश्य र प्राथमिकताहरू यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु। नगरपालिकाको दीर्घकालीन सोच र सो अनुसारका नीतिहरू नगरप्रमुखज्यूबाट यसै नगरसभामा प्रस्तुत भइसकेका छन्।

## बजेट तर्जुमाका मूलभूत मार्गदर्शनहरू:

१) नेपालको संविधान, २०७२ मा व्यवस्था भएका स्थानीय सरकारको एकल तथा साझा अधिकार क्षेत्र र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व,
२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
४) दिगो विकास लक्ष्यले निर्धारण गरेका क्षेत्रगत लक्ष्य तथा नीतिहरू,
५) १६औं राष्ट्रिय योजनाका नीति, सिद्धान्त र कार्यक्रमहरू,
६) सङ्घिय तथा प्रदेश सरकारबाट प्राप्त बजेट मार्गदर्शनहरू,
७) अन्तर्राष्ट्रिय स्तरमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरू,
८) स्थानीय तहको बजेट तर्जुमाका लागि राष्ट्रिय योजना आयोगले जारी गरेको योजना तर्जुमा दिग्दर्शन,
९) यस सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र विगतका प्राथमिकताहरू,
१०) सङ्घिय सरकार र बागमती प्रदेश सरकारले प्रस्तुत गरेको आ.व. २०८३/०८४ को नीति, कार्यक्रम र बजेट,
११) नगरवासीहरूको चाहना, आवश्यकता तथा जनसरोकारका विषयहरू,
१२) विगत तीन आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटको समीक्षाबाट प्राप्त मार्गनिर्देशनहरू,
१३) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा र मार्गदर्शन।

## बजेटका मुख्य उद्देश्यहरू:

१) निशुल्क स्वास्थ्य र गुणस्तरीय शिक्षा: नगरवासीका लागि निशुल्क स्वास्थ्य उपचार र गुणस्तरीय शिक्षाको पूर्ण सुनिश्चितता गर्ने।
२) डिजिटल प्रविधि र सुशासन: नगरका सेवाहरूलाई डिजिटल प्रविधि (IT) मा आवद्ध गरी प्रविधिमैत्री, पारदर्शी र सुशासनयुक्त नगर बनाउने।
३) युवा तथा खेलकुद विकास: युवाहरूलाई खेलकुद र स्वरोजगारका माध्यमबाट परिचालन गरी नगरको विकासमा सहभागी गराउने।

४) सांस्कृतिक पर्यटन र पहिचान: ऐतिहासिक एवं सांस्कृतिक पहिचानलाई जोगाउँदै मध्यपुर थिमिलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने।

५) रोजगारी र व्यवसायिकता: नयाँ रोजगारीका क्षेत्रहरू पहिल्याउने तथा परम्परागत पेशा, हस्तकलाको संरक्षण र प्रवर्द्धन गर्दै व्यवसायिकताको विकास गर्ने।

६) दिगो पूर्वाधार र आत्मनिर्भरता: दिगो, व्यवस्थित र सुरक्षित पूर्वाधार निर्माण गरी आत्मनिर्भर अर्थतन्त्रको बलियो आधार तयार गर्ने।

७) पर्यावरण र सहरी सौन्दर्य: सुन्दर बस्ती विकास, हरियाली प्रवर्द्धन, व्यवस्थित सरसफाइ र पर्यावरणीय सन्तुलन कायम गर्ने।

८) समावेशी र लक्षित वर्ग उत्थान: बालबालिका, ज्येष्ठ नागरिक, महिला, दलित र अपाङ्गतामैत्री समावेशी नगर बनाउने तथा लैङ्गिक समानता कायम गर्ने।

९) आधारभूत आवश्यकता र उत्पादन: स्वच्छ खानेपानीको व्यवस्थापन गर्ने र स्वस्थकर खाद्यान्न उत्पादनमा जोड दिने।

## ११. आर्थिक वर्ष २०८३/०८४ को आय र व्ययको अनुमान (बजेट सिलिङ)

आदरणीय सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू,

अब म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्दिष्ट गरे बमोजिम आर्थिक वर्ष २०८३/०८४ को आय र व्ययको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**क) आयको प्रक्षेपण (अनुमानित स्रोत)**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल आय निम्नानुसार हुने अनुमान गरिएको छ:

आन्तरिक आय तर्फ : रु.४९ करोड

राजस्व बाँडफाँड तर्फ: रु. ५४ करोड ५६ लाख ५५ हजार ४१०

बैंक मौज्दात (सञ्चित कोष):रु. ४४ करोड ९५लाख ११हजार ५९०

**बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरू:**

समानीकरण अनुदानः रु. १ करोड ९७ लाख ३८ हजार

**सङ्घिय सरकारबाट प्राप्त हुने अनुदानहरू:**

समानीकरण अनुदान रु. २१ करोड ७ लाख

जन/लागत सहभागिता तर्फ: रु. १ करोड

राजस्व तथा अनुदान प्राप्तिको विस्तृत प्रक्षेपण अनुसूची २ मा संलग्न गरिएको छ।

**संघ र प्रदेश सरकारबाट तोकिएका स्थानीय सरकार मध्यपुर थिमि नगरपालिकाबाट कार्यान्वयन हुने योजनाहरूको विवरणः**

## सङ्घिय सरकारबाट प्राप्त हुने अनुदानः

सशर्त अनुदान : रू. २७ करोड ९४ लाख

समपूरक अनुदान चालु : रू. ५५ लाख

विशेष अनुदान पुजीगत : रू. १ करोड

## बागमती प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः

सशर्त अनुदान चालुः रू. १ करोड ५२ लाख २४ हजार

समपूरक अनुदान पुजीगत : रू. १ करोड ८० लाख

विशेष अनुदान पुजीगत : रू. ७० लाख

## ख) क्षेत्रगत तथा रणनीतिक विनियोजन

नगरस्तरीय क्रमागत योजना: सम्पन्न हुन बाँकी योजनाहरू र बहुवर्षीय ठेक्का रहेका क्रमागत योजनाहरूका लागि कुल रु. ४८ करोड बजेट व्यवस्थापन गरेको छु।

वडास्तरीय बजेट: प्रत्येक वडालाई रु. २ करोड ४ लाखका ५० दरले कुल ९ वटा वडाका लागि रु. १८ करोड ४० लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

## ग) सङ्घिय, प्रदेश समपूरक अनुदानमा लागत सहभागिता: नेपाल सरकार र बागमती प्रदेशबाट प्राप्तहुने समपूरक अनुदानका लागि रु. ६ करोड विनियोजन गरेको छु।

सङ्घिय तथा प्रदेश सशर्त अनुदान (पुँजीगत): सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने ससर्त अनुदानतर्फका योजनाका लागि रु.१ करोड ५२ लाख बजेट विनियोजन गरेको छु।

सङ्घिय तथा प्रदेश सशर्त अनुदान (चालू): ससर्त अनुदान अन्तर्गतकै चालू खर्चतर्फ रु.२७ करोड ९६ लाख २४ हजार बजेट विनियोजन गरेको छु ।

## ११. आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत बजेट विनियोजन

नगरप्रमुखज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रमलाई मूर्तरूप दिन आगामी आर्थिक वर्षका लागि क्षेत्रगत रूपमा निम्नानुसार बजेट विनियोजन गरिएको छ:

### १. सुशासन तथा अन्तर-सम्बन्धित क्षेत्र

वातावरण तथा जलवायु, विपद् व्यवस्थापन, मानव संसाधन विकास, शान्ति तथा सुव्यवस्था, कानुन तथा न्याय, शासन प्रणाली, तथ्याङ्क प्रणाली, गरिबी निवारण, श्रम तथा रोजगारी, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, प्रशासकीय सुशासन, वित्तीय सुशासन

विनियोजित रकम:रु. ५ करोड १४ लाख

### २. सामाजिक विकास क्षेत्र

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भाषा तथा संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण लगायत

विनियोजित रकम: रु. ४६ करोड ८८ लाख ७७ हजार

### ३. आर्थिक विकास क्षेत्र

कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, जलस्रोत तथा सिँचाइ, वन, पशुपन्छी, भूमि व्यवस्था, आपूर्ति)*

विनियोजित रकम: रु. ४ करोड १० लाख

### ४. पूर्वाधार विकास क्षेत्र

(यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, ऊर्जा, सञ्चार तथा सूचना प्रविधि, सम्पदा पूर्वाधार, विज्ञान तथा प्रविधि, पुनर्निर्माण)

विनियोजित रकम: रु. १ अर्ब १८ करोड१५ लाख ७२हजार

### ५. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र

विनियोजित रकम: रु. ३१ करोड ७८ लाख ८० हजार

पुनश्च: आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तुत भएको क्षेत्रगत विनियोजनको विस्तृत विवरण विनियोजन विधेयकको अनुसूची २ मा समावेश गरिएको छ।

## सञ्चित कोष र विशेष आयोजनाहरूको बजेट विवरण

आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाको सञ्चित कोषबाट व्यहोर्ने गरी कुल रु. २ अर्ब ६ करोड ७ लाख २९ हजार विनियोजन गरेको छु।

पुँजीगत तर्फ: रु. १ अर्ब २३करोड ६४ लाख ३७ हजार ४ सय मात्र (६०%)

चालू तर्फ: रु.८२ करोड४२ लाख९१हजार६सय मात्र (४०%)

खर्च व्यहोर्ने स्रोतहरू:

आन्तरिक आयबाट: रु. ९३ करोड ९५ लाख११हजार ५ सय९०

राजस्व बाँडफाँडबाट: रु. .५४ करोड ५६लाख ५५हजार ४सय१०

सङ्घीय सरकार (अन्तरसरकारी वित्त हस्तान्तरण): रु. ५० करोड ५६लाख

बागमती प्रदेश सरकारबाट: रु. ५करोड९९लाख ६२हजार

जन/लागत सहभागिताबाट: रु. १ करोड

विशेष आयोजना तथा कोषहरू (Extra-Budgetary/Specific Projects):

## नगरपालिकाद्वारा सञ्चालित तथा सम्बद्ध निकायहरूको बजेट निम्नानुसार सुनिश्चित गरिएको छ:

कमेरोटार जग्गा एकीकरण आयोजना: रु.५७ करोड ११ लाख ८६हजार

सिन्टिटार जग्गा एकीकरण आयोजना: रु.१९ करोड ५०लाख

नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल: रु.६६करोड ४८ लाख२६हजार

सडक बोर्ड (Road Board):रु. ७० लाख

सामाजिक सुरक्षा भत्ता:रु. २२ करोड

जम्मा कुल बजेट = सञ्चित कोष + विशेष आयोजनाहरूको समेतगरी: रु. ३ अर्ब ७१ करोड ८७ लाख ४१ हजार

## नगर गौरवका एवं दीर्घकालीन योजनाहरू:

नगरका गौरवका योजनाहरू र दीर्घकालीन महत्त्वका आयोजनाहरूमा बजेटको अभाव हुन नदिने गरी निम्न क्षेत्रहरूमा विशेष बजेट व्यवस्थापन गरिएको छ:

१) सम्पदा मार्ग निर्माण: नयाँ बस्तिलाई ऐतिहासिक सम्पदासंग जोड्ने मार्गहरूको निर्माण र स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२) साँस्कृतिक उधोग ग्राम निर्माण नायगांचा : जहाँ हाम्रो कला, संस्कृती, सम्पदा, पेशा, ब्यवसाय संग्रहित हुनेछ, जसले मध्यपुर थिमिलाई पर्यटकिय गन्तव्य वनाउन सहयोग गर्नेछ र जसको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ।

३) नगदेश र थिमि लायकु पुन: निर्माणको लागि आवस्यक बजेट बिनियोजन गरिएको छ ।

४) दथु बहा,दिगु बहा, दिगु मन्दिर,महालक्ष्मी परिसर बोदे, बिष्णु मन्दिर परिसर, दिब्यस्वरी मन्दिर परिसर, सिद्धिकाली मन्दिर परिसर(थिमि र लोकन्थली), दथु टोल गणेश मन्दिर, पर्सीको प्रथम गणेश मन्दिर , बसी पुखु संग्राहालय, शीलेस्वर मन्दिर , सिदेश्वर मन्दिर , नाट्यश्वरी मन्दिर , रामेश्वर मन्दिर, भैरव मन्दिर, नगदेश ध्वाकसी गणेश मन्दिर , महादेव मन्दिर , बसीपुखु संग्राहालय, सतल, फल्चा निर्माण तथा मर्मतका लागि बजेट ब्यबस्था गरिएको छ।

५) मुर्त अमुर्त सम्पदा अभिलेखीकरणका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

६) पहिरो नियन्त्रण तथा सौन्दर्यकरण: निलबाराही वन क्षेत्र, दुनेगः, वनदेवी र भाँगु पहिरो नियन्त्रण एवं जैविक इन्जिनियरिङ सहितको सौन्दर्यकरणका लागि बजेट व्यवस्था बिनियोजन गरिएको छ ।

७) विपद ब्यबस्थापनका लागि आवश्यक बजेट ब्यबस्थापन गरिएको छ ।

८) हनुमन्ते र मनोहरा खोला नियमित सफाईका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

९) नगरको बिकास निर्माण कार्यका लागि ब्न्यबस्थित, सुद्ध्रित गर्ने आवश्यक अध्ययन र अभिलेखीकरण गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१०) पर्यटन र रोजगारी प्रवर्द्धन: स्थानीय संस्कृति , पेशा , ब्यबसाय र पर्यटन प्रवर्द्धन मार्फत स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरू जस्तै pottery and ceramics expo, व : फेस्टिबल, दाफा भजन सम्मेलन, धिमे बाजा प्रतियोगिता र सडक ब्यापार मेलाहरु संचालनका लागि आवश्यक बजेट बिनियोजन गरिएकोछ।

११) खेल मैदान तथा सांस्कृतिक पार्क: भाँगु,कमेरोटार, इन्द्रायणी, सानोठिमी गठ्ठाघर लगायतका खेल निर्माण तथा व्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१२) सार्वजनिक स्थलको संरक्षण: खुला क्षेत्र तथा सार्वजनिक जग्गाहरूको संरक्षण गरी नगरवासीहरूको उपयोगिता अनुकूल विकास,विस्तार र विस्तारका लागि आवश्यक बजेट बिनियोजन गरिएकोछ।

१३) सडक सरसफाइ आधुनिकरण: नगरलाई स्वच्छ राख्न आधुनिक सडक सरसफाइको लागि आवश्यक जानशक्ति र श्रोत साधनको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ

१४) शिक्षा, स्वास्थ्य र खेलकुद क्षेत्रको एकीकृत विकास: विद्यालयहरूको भौतिक तथा गुणस्तरीय सुधार र स्थानीय स्तरमा खेलकुद पूर्वाधारको विकास।

१५) स्थानीय पाठ्यक्रम, अतिरिक्त क्रियाकालाप र विषयगत शिक्षक नपुग भएका बिद्यालयमा नपुग शिक्षक ब्यबस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१६) ज्ञान विकास, प्रानोदय विद्यालय, सिद्धिकाली मा.वि. बालसेवा आ.वि. महेन्द्र आ.वि, को भवन निर्माण गर्न बजेट व्यवस्था गरिएको छ ।

१७) राष्ट्रपति रनिंग सिल्ड, अन्तर विद्यालय फुटवल प्रतियोगिता, कराते , तेक्वान्दो, ब्याडमिन्टन , भलिवल, बुद्धिचाल लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्न बजेट व्यवस्था गरिएको छ ।

१८) नि:शुल्क जेष्ठ नागरिक स्वास्थ्य बिमा, नि:शुल्क रक्त सुविधा, जेष्ठ नागरिक आरोग्य कार्यक्रम, नि:शुल्क जेष्ठ निमोनिया खोप, हेमोफिलिया रोगको बिरामीलाई औषधी अनुदान, महिलाको नसर्ने रोगको स्वास्थ्य सेवा, ब्लड बैंक तथा नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल तथा ब्यवस्थापन विस्तारका लागी आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१९) सामाजिक समावेशीकरण तथा उत्थानका कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

आदरणीय सभाध्यक्षज्यू तथा नगरसभाका सदस्यज्यूहरू,

मध्यपुर थिमि नगरपालिकाको ऐतिहासिक पहिचान, सांस्कृतिक वैभव र मौलिकतालाई अक्षुण्ण राख्दै नगरको आर्थिक एवं भौतिक रूपान्तरण गर्ने दूरगामी लक्ष्यकासाथ यो बजेट प्रस्तुत गरेको छु। सीमित स्रोत र साधनका बीच नगरवासीका असीमित अपेक्षाहरूलाई न्यायोचित सम्बोधन गर्ने इमानदार प्रयास यस बजेटमा गरिएको छ। नीति र कार्यक्रमको वास्तविक सफलता दृढ इच्छा शक्ति र कुशल कार्यान्वयनमा निर्भर रहन्छ। त्यसैले, यस बजेटमा समेटिएका योजनाहरूलाई समयमै, पारदर्शी र गुणस्तरीयरूपमा सम्पन्न गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति, निजीक्षेत्र र आम नगरवासीहरूको निरन्तरसाथ, सहयोग र खबरदारी रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

अन्तमा, आगामी आर्थिक वर्ष २०८३/०८४ को यो बजेट तर्जुमा गर्ने क्रममा अमूल्य सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सम्पूर्ण माननीय सदस्यज्यूहरू, विषयगत समितिहरू, राजस्व परामर्श समिति तथा बजेट तर्जुमा समितिका सम्पूर्ण सदस्य मित्रहरू, कर्मचारी मित्रहरूमा हृदय देखि नै कृतज्ञता व्यक्तग र्दछु।

साथै, नगरको समग्र विकास, सुशासन र नागरिक सेवा प्रवाहमा अहोरात्र खटिनुहुने नगरपालिकाका कर्मचारी मित्रहरू, उपभोक्ता समितिका पदाधिकारीहरू, सञ्चारकर्मी साथीहरू, नागरिक समाज र विकासका साझेदार सङ्घ-संस्थाहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत बजेटले 'समृद्ध, सुन्दर र सांस्कृतिक मध्यपुर थिमि' निर्माणको हाम्रो साझा सङ्कल्पलाई मूर्तरूप दिनेछ भन्ने सबल विश्वासका साथ यो बजेट वक्तव्य यस गरिमामय सभामा स्वीकृतिका लागि पेस गर्दछु ।

"हाम्रो कला, हाम्रो संस्कृति: मध्यपुर थिमि हाम्रो सम्पत्ति"

जय मध्यपुर ! धन्यवाद ।

........................................

विजय कृष्ण श्रेष्ठ

उप-प्रमुख

मध्यपुर थिमि नगरपालिका